नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०७६।७७

चलानी नं. ८८

मिति: २०७६।०५।२८

**विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै ।
श्री महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाहरु सबै ।
श्री गाउँपालिकाहरु, सबै ।

संस्कृति, पर्यटन तथा नागरिक उडड्डयन मन्त्रालयको पत्र संख्या २०७६/०७७ च.नं. ७६ मिति २०७६/५/२६ को पत्रबाट विश्व पर्यटन दिवस मूल आयोजक समितिको संस्कृति, पर्यटन तथा नागरिक उडड्डयन मन्त्रीज्यूको अध्यक्षतामा मिति २०७६।५।२२ मा बसेको बैठकबाट तपसील बमोजिम निर्णय भएको र उक्त निर्णय कार्यान्वयनका लागि सबै स्थानीय तहहरुलाई लेखी पठाइदिन अनुरोध भई आएकोले आवश्यक सहयोगका लागि आदेशानुसार अनुरोध छ ।

तपसील:

पर्यटन दिवसको अवसरमा काठमाण्डौं उपत्यकाका विश्व सम्पदा सूचीमा रहेका प्रमुख पर्यटकीय स्थलमा सरसफाइको कार्यक्रम गर्ने । यसमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट समेतको समन्वय नेपाल पर्यटन बोर्ड र पर्यटक प्रहरी इकाईले गर्ने । यस सरसफाईको नेतृत्व पाटा नेपाल च्याप्टरले गर्ने । साथै प्रदेश सरकार र स्थानीय तहलाई महत्वपूर्ण सम्पदा स्थलको सरसफाइको विशेष कार्यक्रम संचालन गर्न समेत अनुरोध गर्ने ।

५/२८

केशवराज पाधे
शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा प्रविधि शाखा: यस पत्रलाई मन्त्रालयको web site मा upload गरिदिनुहुन अनुरोध छ ।
श्री संस्कृति, पर्यटन तथा नागरिक उडड्डयन मन्त्रालय (पर्यटन प्रवर्द्धन शाखा), सिंहदरबार, काठमाण्डौं ।